NABIL BANK®

नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था

मितिः २०८१/०६/०८

प.लि.नं.: १–२०४०/०४१

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड
शान्तिमार्ग, भद्रकाली
काठमाडौं ।

विषयः विशेष साधारणसभा(२०८१) को काम कारवाहीको/निर्णय विवरण (माइन्युट) सम्बन्धमा ।

महोदय,

यस नबिल बैंक लिमिटेडको मिति २०८१/०५/१७ मा सम्पन्न विशेष साधारणसभाको काम कारवाहीको/निर्णय विवरण (माइन्युट) यसै पत्रसाथ पेश गरिएको व्यहोरा अनुरोध छ ।

भवदीय,

विश्वप्रकाश पौडेल
कम्पनी सचिव

NABIL BANK Head Office Teendhara, Kathmandu

संलग्नः

१. विशेष साधारणसभाको काम कारवाहीको/निर्णय विवरण (माइन्यूट) ।

P.O. Box 3729 Teendhara, Durbarmarg, Kathmandu, Nepal
977-1-4227181, 4221718 977-1-4226905 info@nabilbank.com www.nabilbank.com NARBNPKA

# नबिल बैंक लिमिटेडको
# विशेष साधारणसभा (२०८१) को
# काम कारबाहीको विवरण (माइन्यूट)

१. **वैधानिक सभा :**

नबिल बैंक लिमिटेडको विशेष साधारणसभा कम्पनी ऐन २०६३ र बैंकको नियमावली बमोजिम सञ्चालक समितिका अध्यक्ष श्री उपेन्द्र प्रसाद पौडेलज्यूको अध्यक्षतामा तल उल्लिखित मिति, स्थान र समयमा उल्लिखित माध्यमद्वारा बसी देहायका विषय उपर छलफल गरी देहाय बमोजिमका निर्णय गरी सम्पन्न भयो ।

२. **सभाको मिति, स्थान र समय :**

**मिति** : २०८१ साल भाद्र १७ गते, सोमबार (तदनुसार ०२ सेप्टेम्बर २०२४) ।
**स्थान** : नबिल बैंक लिमिटेड, दरबारमार्ग, तीनधारामार्ग, काठमाडौं ।
(अभौतिक उपस्थितिका लागि :जुम मिटिङ मार्फत् अनलाइन माध्यमबाट ।)
**समय** : बिहान १०:०० बजे प्रारम्भ भई अपराहण १२:३५ बजे सम्पन्न भएको ।

३. **सभाको सूचना :**

कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम बैंकको विशेष साधारण सभाको सूचना मिति २०८१ साल श्रावण ३२ गतेको "आर्थिक अभियान" राष्ट्रिय दैनिक र २०८१ साल भाद्र ०७ गतेको "कारोबार" राष्ट्रिय दैनिकमा साधारण सभा हुने मिति, समय, स्थान र माध्यम सहित छलफल हुने विषयको सूचना सेयरधनी महानुभावहरूको जानकारीका लागि प्रकाशित गरिएको थियो । त्यसैगरी २०८१ साल भाद्र १५ गतेको "नयाँ पत्रिका" राष्ट्रिय दैनिकमा सेयरधनी महानुभावले बैंकको विशेष साधारणसभामा प्रस्तावित एजेन्डा सहितको सञ्चालक समितिको प्रतिवेदन समावेश भएको पुस्तिका (इजिएम बुकलेट) QR Code मार्फत् प्राप्त गर्न सकिने र जुम मिटिङ्स मार्फत् अनलाइन माध्यमबाट साधारण सभामा सहभागी हुने विधि समेत उल्लेख भएको जानकारी सहितको विशेष साधारण सभा सम्बन्धी संक्षिप्त सूचना प्रकाशित भएको थियो । साथै, उक्त सूचना सहितको विशेष सधारणसभा सम्बन्धी विवरण तथा सभामा छलफल गरिने

विषयहरु समेटिएको पुस्तिका सेयरधनी महानुभावहरुले अनुरोध गरे बमोजिम उपलब्ध गराउने बन्दोबस्त समेत मिलाइएको थियो ।

विशेष साधारणसभामा पेश गरिने सञ्चालक समितिको प्रतिवेदन सहितको संक्षिप्त आर्थिक विवरण लगायतका आवश्यक सम्पूर्ण विवरणहरू सेयरधनी महानुभावहरूले तिनधारा, दरबारमार्ग, काठमाडौंस्थित बैंकको केन्द्रीय कार्यालय, बैंकको सेयर रजिष्ट्रार नबिल इन्भेष्टमेण्ट बैकिङ्ग लिमिटेडको कार्यालय नक्साल, काठमाण्डौबाट तथा बैंकको वेबसाईट https://www.nabilbank.com/ बाट प्राप्त गरी जानकारी लिन सकिने व्यवस्था भएको जानकारी सभामा गराइएको थियो ।

४. **छलफलको विषय :**

(क) **विशेष प्रस्ताव** :

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम तोकिएका व्यवस्था तथा शर्तहरू सहित प्रति सेयर रु. १०० का दरले रु. ५ अर्ब रूपैयाँ बराबरको **नबिल ८% अविमोच्य असञ्चिति अग्राधिकार सेयर** सम्बन्धित नियमनकारी निकायको स्विकृति पश्चात् जारी गर्ने ।

२. बैंकको अधिकृत पूँजी रु.२८,००,००,००,०००/- (अक्षरेपी रु. अठ्ठाईस अर्ब मात्र) रहेकोमा अग्राधिकार सेयर जारी गरे पश्चात् अधिकृत पूँजी रु. ३३,००,००,००,०००/- (अक्षरेपी तेत्तीस अर्ब रुपैयाँ मात्र) पुऱ्याउने ।

३. बैंकको जारी पूँजी रु.२७,०५,६९,९६,७२९/२६ (अक्षरेपी सत्ताईस अर्ब पाँच करोड उनन्सत्तरी लाख छयान्नब्बे हजार सात सय उनन्तीस रूपैयाँ छब्बिस पैसा मात्र) रहेकोमा अग्राधिकार सेयर जारी गरे पश्चात् जारी पूँजी रु. ३२,०५,६९,९६,७२९/२६ (अक्षरेपी बत्तीस अर्ब पाँच करोड उनन्सत्तरी लाख छयान्नब्बे हजार सात सय उनन्तीस रूपैयाँ छब्बिस पैसा मात्र) पुऱ्याउने ।

४. बैंकको चुक्ता पूँजी रु.२७,०५,६९,९६,७२९/२६ (अक्षरेपी सत्ताईस अर्ब पाँच करोड उनन्सत्तरी लाख छयान्नब्बे हजार सात सय उनन्तीस रूपैयाँ छब्बिस पैसा मात्र) रहेकोमा अग्राधिकार सेयर जारी गरे पश्चात् चुक्ता पूँजी रु. ३२,०५,६९,९६,७२९/२६ (अक्षरेपी बत्तीस अर्ब पाँच करोड उनन्सत्तरी लाख छयान्नब्बे हजार सात सय उनन्तीस रूपैयाँ छब्बिस पैसा मात्र) पुऱ्याउने ।

५. अग्राधिकार सेयर जारी गर्ने प्रयोजनका लागि आवश्यक पर्ने प्रबन्धपत्रको दफा ४(२९), दफा ५ को (१), (२) र (३), दफा ६ को (१) र (२) तथा नियमावलीको नियम ५ र २४ मा रहेको विद्यमान व्यवस्थामा आवश्यक संशोधन/परिमार्जन गर्ने ।

६. माथि प्रस्ताव गरिए अनुसार प्रबन्धपत्र र नियमावलीमा संशोधन, अग्राधिकार सेयर जारी/दर्ता/सूचीकरण गर्ने लगायत सोसँग सम्बन्धित कार्यहरू स्वीकृतीका क्रममा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतका नियमनकारी निकायहरूबाट कुनै विषय, शर्तहरु लगायतमा संशोधन/फेरबदल गर्न निर्देशन प्राप्त भएमा आवश्यकता अनुसार थपघट, परिमार्जन, संशोधन, भाषागत लगायतका अन्य सुधार समेत गर्नका लागि सञ्चालक समिति (वा सञ्चालक समितिले तोकेको व्यक्ति)लाई अख्तियारी दिने ।

(ख) विविध

५. उपस्थिति :

५.१ सञ्चालकहरू :

| | | | |
|---|---|---|---|
| १. | श्री उपेन्द्र प्रसाद पौडेल | : | अध्यक्ष |
| २. | श्री निर्वाण कुमार चौधरी | : | सञ्चालक |
| ३. | श्री मलय मुखर्जी | : | सञ्चालक |
| ४. | श्री अनन्त पौड्याल | : | सञ्चालक |
| ५. | श्री प्रविन टिवडेवाला | : | सञ्चालक |

५.२ व्यवस्थापन पदाधिकारी :

| | | | |
|---|---|---|---|
| १. | श्री ज्ञानेन्द्र प्रसाद ढुङ्गाना | : | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री सुजित कुमार शाक्य | : | वरिष्ठ नायब प्रमुख कार्यकारी अधिकृत |
| ३. | श्री मनोज कुमार ज्ञवाली | : | नायब प्रमुख कार्यकारी अधिकृत |
| ४. | श्री भुपेन्द्र पाण्डे | : | नायब प्रमुख कार्यकारी अधिकृत |
| ५. | श्री आदर्श बजगाई | : | नायब महाप्रबन्धक |
| ६. | श्री गणेश प्रसाद अवस्थी | : | नायब महाप्रबन्धक |
| ७. | श्री ज्ञानेन्द्र प्रताप शाह | : | नायब महाप्रबन्धक |

८. श्री परमेश्वर श्रेष्ठ : सहायक महाप्रबन्धक
९. श्री विश्वप्रकाश पौडेल : कम्पनी सचिव

५.३ अन्य :

१. श्री अर्जुन खड्का (सहायक रजिष्ट्रार) : पर्यवेक्षक- कम्पनी रजिष्ट्रारको कार्यालय
२. श्री नबीन कुमार भट्टराई (नायब सुब्बा) : प्रतिनिधि- कम्पनी रजिष्ट्रारको कार्यालय

५.४ सेयरधनीहरूको उपस्थिति

| उपस्थितिको विवरण | जम्मा उपस्थिति | सेयरको प्रतिनिधित्व |
|---|---|---|
| व्यक्तिगत रूपमा उपस्थित | ४० | १४,५५,८६६ |
| प्रतिनिधि मार्फत् (संस्थापक सेयरधनी) | ३ | १४,८३,६०,४९२ |
| जम्मा | ४३ | १४,९८,१६,३५८ |

६. गणपूरक संख्या

| जम्मा सेयर संख्या | स्वयम् उपस्थित भै प्रतिनिधित्व भएको सेयर (क) | प्रतिनिधिपत्र मार्फत प्रतिनिधित्व भएको सेयर (ख) | जम्मा उपस्थित (क)+(ख) | जम्मा सेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|
| २७,०५,६९,९६७.२९ | १४,५५,८६६ | १४,८३,६०,४९२ | १४,९८,१६,३५८ | ५५.३७% |

७. सभाको वैधानिकता र सभाको अध्यक्षता :

७.१ कम्पनी ऐन, २०६३ तथा बैंकको नियमावली बमोजिम विशेष साधारणसभा बोलाइएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार विशेष साधारणसभाको गणपूरक संख्या बाँडफाँड भएको कुल सेयर संख्याको ५०

प्रतिशतभन्दा बढी सेयरको प्रतिनिधित्व हुने गरी कुल सेयरधनीहरू मध्ये कम्तीमा ३ जना सेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान बमोजिम बैंकको विशेष साधारणसभामा राखिएको सेयरधनीहरूको हाजिरी पुस्तिकामा हाजिरी जनाउने र अनलाईन Zoom माध्ययमबाट समेत गरी सेयरधनीको कुल सहभागी संख्या ४३ रहेको र कुल सेयरको ५५.३७% प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिवले साधारण सभाको गणपूरक संख्या पुगेको प्रमाणित गरी प्रचलित कम्पनी कानून अनुसार आजको साधारण सभा वैधानिक भएको सभालाई जानकारी गराउनुभयो ।

७.२ कम्पनी सचिव विश्वप्रकाश पौडेलले सेयरधनी महानुभावहरू लगायत सबैलाई स्वागत अभिवादन गर्दै आसन ग्रहणको कार्यक्रम अगाडि बढाउनुभयो । तत्पश्चात् उपस्थित सञ्चालकहरू, पर्यवेक्षक, अतिथिहरू तथा प्रमुख कार्यकारी अधिकृतको परिचय गराउँदै कम्पनी सचिवले आसन ग्रहण गर्न उहाँहरूलाई अनुरोध गरी सभाको कार्य अगाडि बढाउनु भयो । साथै, कम्पनी सचिवको अनुरोधमा सभाअध्यक्षले पानसमा बत्ती बाली विशेष साधारणसभा कार्यक्रमको औपचारिक रूपमा समुद्घाटन गर्नुभयो ।

७.३ बैंकको नियमावलीमा व्यवस्था भए बमोजिम सभाको सभापतित्व सञ्चालक समितिका अध्यक्षले गर्ने व्यहोरा जानकारी गराउँदै बैंकको विशेष साधारणसभाको कार्यक्रम अगाडि बढाउन अध्यक्ष श्री उपेन्द्र प्रसाद पौडेलज्यूलाई कम्पनी सचिवले अनुरोध गर्नुभयो ।

## ८. विशेष साधारणसभामा सञ्चालक समितिको प्रतिवेदनको प्रस्तुति :

सभाका अध्यक्ष श्री उपेन्द्र प्रसाद पौडेलले औपचारिक रूपमा विशेष साधारणसभा शुरू भएको घोषणा गर्दै सर्वप्रथम सभामा उपस्थित सेयरधनी लगायत सम्पूर्ण महानुभावहरूलाई स्वागत गर्नुभयो र पूर्वनिर्धारित छलफलको विषयसूची अनुसार विशेष साधारणसभामा सञ्चालक समितिको प्रतिवेदन पढेर सुनाउनु भयो । उहाँले नबिल बैंकको ४०औं वर्षको यात्राका क्रममा बैंकलाई अधिकतम उचाइ प्राप्त गर्न सेयरधनीले पुऱ्याउनु भएको सहयोग, योगदान तथा सद्भावका लागि आभार प्रकट गर्नुभयो । बैंकको सञ्चालक समिति तथा व्यवस्थापन प्रति सेयरधनीले दर्शाएको विश्वास र भरोसाकै कारण आज नबिल बैंक

व्यावसायिक रूपमा सफल एवं देशकै अग्रणी वाणिज्य बैंकको रूपमा स्थापित भएको धारणा व्यक्त गर्नुभयो । साथै, सेयरधनीको जानकारीका लागि विगत तीन वर्षमा अभिलेख गरिएका बैंकका केही प्रमुख वित्तीय झलकहरू समेत प्रस्तुत गर्नुभयो ।

तत्पश्चात् उहाँले बैंकले आजको विशेष साधारण सभामा विशेष प्रस्तावका रूपमा पेश गरेको **"नबिल ८% अविमोच्य असञ्चिति अग्राधिकार सेयर"** जारी गर्नुको उद्देश्यका बारेमा चर्चा गर्दै यस सम्बन्धी व्यवस्था तथा शर्तहरु सम्बन्धी विस्तृत जानकारी तथा विवरण सभासमक्ष प्रस्तुत गर्नुभयो:

नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशन २०८० को इ.प्रा.निर्देशन नं.१०/०८० को बुँदा १७(ग) मा बैंक तथा वित्तीय संस्थाको पूँजी वृद्धि एवम् पूँजी संरचनामा परिवर्तन गर्न नेपाल राष्ट्र बैंकको पूर्व सहमति लिई प्रचलित कानुन बमोजिम सम्बन्धित संस्थाको वार्षिक साधारण सभा/विशेष साधारण सभाबाट स्वीकृत गराउनु पर्नेछ भन्ने व्यवस्था रहेको सन्दर्भमा नबिल बैंकको व्यापार वृद्धि तथा जोखिमहरुलाई सम्बोधन गर्न अतिरिक्त प्राथमिक पूँजी (Additional Tier 1 Capital) को माध्यमबाट बैंकको पूँजीगत आधारमा वृद्धि गर्न आवश्यक भएकाले मिति २०८१/०३/१२ मा जारी गरिएको परिपत्र नं ०९/०८०/०८१ को शर्तहरुको अधीनमा रही रू ५ अर्ब रूपैयाँ बराबरको **"नबिल ८% अविमोच्य असञ्चिति अग्राधिकार सेयर"** जारी गर्न आजको विशेष साधारणसभा समक्ष विशेष प्रस्तावका रूपमा पेश गरिएको व्यहोरा अनुरोध गर्नभयो ।

**तत्पश्चात् सभाअध्यक्ष पौडेलले नबिल ८% अविमोच्य असञ्चिति अग्राधिकार सेयर जारी गर्नुका निम्न उद्देश्य तथा लक्ष्यहरू रहेको व्यहोरा सभा समक्ष जानकारी गराउनुभयो :**

क) बैंकको अतिरिक्त प्राथमिक पूँजी (Additional Tier 1 Capital)को माध्यमबाट बैंकको पूँजीगत आधार थप मजबुत तथा वृद्धि गर्ने ।

ख) बैंकको पूँजी परीचालन तथा ऋण लगानी क्षमता अभिवृद्धि गरी दीर्घकालिन स्रोतको सुनिश्चितता गर्ने ।

ग) साधारण सेयरधनीको सेयर संरचनामा फेरबदल नहुने गरी (परिणतको अवस्थामा बाहेक) नयाँ पूँजी उपकरणको प्रयोग गर्ने ।

घ) लक्षित लगानीकर्ताहरुको लागि दीर्घकालिन लाभांश सहितको लगानी अवसर प्रदान गर्ने ।

ङ) अग्राधिकार सेयर नयाँ उपकरणको रूपमा जारी भई पूँजी बजारको थप विस्तार तथा विकासमा मद्दत पुग्ने ।

अत: **नबिल ८% अविमोच्य असञ्चिति अग्राधिकार सेयर** जारी गर्न आजको विशेष सभा मार्फत् पारित भई नेपाल नेपाल राष्ट्र बैंकको पूर्व स्विकृति पश्चात् विवरणपत्रमा थप प्रस्ट र विस्तृत रूपमा प्रस्तुत गरी सम्बन्धित नियामकीय निकायमा पेश गरिने व्यहोरा अध्यक्षज्यूले सभामा जानकारी गराउनुभयो । सम्बन्धित नियामकी निकायको अन्तिम स्वीकृति पश्चात् आवश्यक संशोधन तथा थप परिमार्जन गर्नुपर्ने भएमा सो समेत गरी **अग्राधिकार सेयर** जारी गर्न सेयरधनी, सर्वसाधारण तथा लक्षित लगानिकर्ताको जानकारीको लागि प्रकाशित गरिने जानकारी गराउनु हुँदै उहाँले यो नेपाली पूँजी बजारका लागि नौलो उपकरण भएकाले नेपाल राष्ट्र बैंकले यस सम्बन्धी आवश्यक व्यवस्था गरे पश्चात् नबिल बैंकले नै पहिलो पटक जारी गर्न लागेको हुंदा यसलाई सर्वसम्मतिले पारित गरी सहयोग गरिदिनुहुन सम्पूर्ण उपस्थित सेयरधनी समक्ष अनुरोध गर्नुभयो ।

मन्तव्यकै क्रममा सभाध्यक्षज्यूले सम्पूर्ण सेयरधनी महानुभाव, ग्राहकवर्ग तथा शुभचिन्तकहरुलाई अटूट समर्थन तथा सहयोगका लागि सञ्चालक समितिका तर्फबाट र आफ्नो व्यक्तिगत तबरबाट पनि कृतज्ञता व्यक्त गर्दै नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्स्चेन्ज तथा सि.डि.एस. एण्ड क्लियरिङ लि. लगायतका निकायबाट बैंकले निरन्तर पाइरहेको सहयोग तथा मार्गनिर्देशनको लागि विशेष धन्यवाद ज्ञापन गर्नुभयो ।

९. **छलफलको लागि आह्वान र सहभागी सेयरधनी महानुभावहरू :**

९.१ तत्श्चात् आजको विशेष साधारणसभामा प्रस्तुत भएको सञ्चालक समितिको प्रतिवेदन तथा छलफलका लागि प्रस्तावित विशेष प्रस्तावहरू लगायतका विषयमाथि आ-आफ्नो मन्तव्य प्रकट गर्नुहुन र सो सम्बन्धमा कुनै प्रश्न तथा सुझाव भए मौखिक/लिखित जानकारी समेत गराउनुहुन अध्यक्षज्यूले सेयरधनी महानुभावहरूसँग अनुरोध गर्नुभयो ।

सभामा भौतिक रूपमा उपस्थित हुनुभएका तथा जुम मिटिङ्स मार्फत् अनलाइन माध्यमबाट सहभागी हुनुभएका देहायका सेयरधनी महानुभावहरूले छलफलको क्रममा निम्न अनुसारका प्रश्न, राय तथा सुझावहरू क्रमश: व्यक्त गर्नुभएको थियो ।

**९.२ छलफलमा भौतिक रूपमा उपस्थित भएर तथा अभौतिक रूपमा जुम मिटिङ्स मार्फत् सहभागी भएर सुझाव दिनुहुने सेयरधनी महानुभावहरूको नाम:**

१. श्री लव राज जोशी
२. श्री डम्बरू बल्लभ घिमिरे
(जुम मिटिङ मार्फत्)
३. श्री लक्ष्मी बहादुर श्रेष्ठ
४. श्री व्यास कुमार शर्मा
(जुम मिटिङ मार्फत्)
५. श्री गुणराज भट्ट
६. श्री ध्रुवराज नेउपाने
(जुम मिटिङ मार्फत्)
७. श्री निरूपमा गुप्ता
८. श्री बैजुनाथ रौनियार
(जुम मिटिङ मार्फत्)
९. श्री चन्द्रनारायण श्रेष्ठ
(जुम मिटिङ मार्फत्)
१०. श्री कृष्ण अधिकारी (कश्यप)
(जुम मिटिङ मार्फत्)
११. श्री नरसिंह लाल चखूँ
(लिखित मन्तव्य)

**१०. विशेष साधारण सभामा विभिन्न माध्यमबाट (Zoom Meetings मार्फत् अनलाइन माध्यमबाट, लिखित मन्तव्य तथा भौतिक रूपमा स्वयम् उपस्थित) भई छलफलमा सहभागी सेयरधनी महानुभावहरूले व्यक्त गर्नुभएका सुझाव, मन्तव्य तथा जिज्ञासाको सारांश:**

**१. श्री लवराज जोशी**

- नबिल बैंक अन्य बैंक तथा वित्तीय संस्थाको तुलनामा उत्कृष्ट रहेको धारणा व्यक्त गर्दै बैंकको आफ्नै प्राङ्गणमा विशेष साधारणसभा गर्न लागेकोमा प्रसन्नता व्यक्त गर्नुभयो ।
- समग्र बैंकको व्यवस्थापन कर्जा असुलीमा लागेको सुन्दा खुशी लागेको धारणा व्यक्त गर्नुभयो ।
- नबिल बैंकमा युवा तथा अनुभवी सञ्चालकहरू रहेको हुँदा यस बैंकलाई अल्पकालिन तथा दीर्घकालीन योजना मार्फत् अगाडि बढाउन सुझाव दिनुभयो ।
- उत्कृष्ट वित्तीय प्रतिवेदनमा गोल्ड अवार्ड तथा अन्य विभिन्न अवार्डबाट सम्मानित भएकोमा बधाई तथा शुभकामना दिनुभयो ।
- अविमोच्य असञ्चिति अग्राधिकार सेयर नयाँ उपकरणको रूपमा जारी गर्न लागेकोमा समर्थन सहित साधारण सभाको सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

२. श्री डम्बरू बल्लभ घिमिरे

- पूँजी वृद्धिका लागि हकप्रद लगायतका अन्य उपाय/उपकरणहरू सम्भव नभएको अवस्थामा प्रस्तावित अविमोच्य असञ्चिति अग्राधिकार सेयर नयाँ उपकरणको रूपमा जारी गर्न लागेकोमा समर्थन सहित विशेष साधारणसभाको सफलताको लागि शुभकामना व्यक्त गर्नुभयो ।
- अविमोच्य असञ्चिति अग्राधिकार सेयर जस्तो नयाँ उपकरणले साधारण सेयरधनीको प्रति सेयर आम्दानीमा तत्काल सामान्य प्रभाव पारे पनि दीर्घकालीन रूपमा बैंकको लगानी वृद्धि भई थप आम्दानी हुने र सेयरधनीको लाभांश बढ्ने तथा बैंक थप मजबुत हुने विश्वास व्यक्त गर्नुभयो ।

३. श्री लक्ष्मी बहादुर श्रेष्ठ

- तत्कालीन नेपाल बङ्गलादेश बैंकको संस्थापना तथा त्यसपछिको समय र नबिल बैंकसँगको मर्जर सम्मको विभिन्न समयलाई सम्झँदै हाल अनुभवी सञ्चालक तथा व्यवस्थापनको नेतृत्वमा सञ्चालित नबिल बैंकको आगामी दिन थप उज्वल हुने विश्वास व्यक्त गर्नुभयो ।
- नबिल बैंक केवल बैंक मात्र नभएर समग्र वित्तीय क्षेत्रको विश्वविद्यालय नै रहेको धारणा व्यक्त गर्दै यसले सम्पूर्ण सेयरधनी, स्वदेशी तथा विदेशी संस्थापक तथा अन्य सरोकारवालाहरूको सुझाव सल्लाहलाई आत्मसात् गर्दै अघि बढ्ने विश्वास व्यक्त गर्नुभयो ।

४. श्री व्यास कुमार शर्मा

- नबिल बैंकले कम लागतको नयाँ उपकरणको रूपमा अविमोच्य असञ्चिति अग्राधिकार सेयर जारी गर्न लागेकोमा समर्थन सहित सफलताको लागि शुभकामना व्यक्त गर्नुभयो ।
- नबिल बैंक अन्य बैंक तथा वित्तीय संस्थाको तुलनामा उत्कृष्ट रहेको धारणा व्यक्त गर्नुभयो ।
- आगामी दिनमा बैंकले लाभांश क्षमता अभिवृद्धि गरी सेयरधनीको आम्दानी थप वृद्धि गर्ने विश्वास व्यक्त गर्नुभयो ।

**५. श्री गुणराज भट्ट**

- अनुभवी सञ्चालक र व्यवस्थापनको नेतृत्वमा रहेको नबिल बैंकको आगामी दिन थप उज्वल हुने विश्वास व्यक्त गर्नुभयो ।
- बैंकले कर्मचारीको क्षमता तथा मनोबल उच्च राख्न थप ध्यान दिनुपर्ने सुझाव दिनुभयो ।
- आजको यस विशेष साधारणसभा मार्फत् बैंकले अविमोच्य असञ्चिति अग्राधिकार सेयर नयाँ उपकरणको रूपमा जारी गर्न लागेकोमा समर्थन सहित सफलताको लागि शुभकामना व्यक्त गर्नुभयो ।

**६. श्री ध्रुवराज न्यौपाने**

- नबिल बैंकले अविमोच्य असञ्चिति अग्राधिकार सेयरलाई कम लागतको नयाँ उपकरणको रूपमा जारी गर्न लागेकोमा समर्थन सहित सफलताको लागि शुभकामना व्यक्त गर्नुभयो ।
- उहाँले प्रस्तावित अग्राधिकार सेयरले सेयर संरचना, चुक्ता पूँजी तथा प्रतिसेयर आम्दानीमा के कस्तो असर पर्छ भनेर जिज्ञासा समेत व्यक्त गर्नुभयो ।
- प्रस्तावित अविमोच्य असञ्चिति अग्राधिकार सेयरको लाभांश राम्रो भएकोले यो उपकरण सफल हुने विश्वास व्यक्त गर्नुभयो ।
- अविमोच्य असञ्चिति अग्राधिकार सेयर कम लागतको नयाँ उपकरण भएकाले अहिले प्रस्तावित जारी हुने रकमलाई अझै बढाउँदा उपयुक्त हुन सक्ने तर्फ पनि बैंकको ध्यानाकर्षण गराउनुभयो ।

**७. श्री निरूपमा गुप्ता**

- नबिल बैंक समग्र बैंकिङ क्षेत्रको अग्रणी बैंक रहेको भन्दै प्रस्तावित अविमोच्य असञ्चिति अग्राधिकार सेयर नयाँ उपकरणको रूपमा जारी गर्न लागेकोमा समर्थन सहित सफलताको लागि शुभकामना व्यक्त गर्नुभयो ।
- बैंकले सामाजिक उत्तरदायित्व वहन गर्दै विभिन्न क्षेत्रमा पुऱ्याएको योगदानको प्रशंसा गर्दै आगामी दिनमा अशक्त, असहायको शिक्षाका क्षेत्रमा सहयोग गनुपर्ने सुझाव दिनुभयो ।

- आ.व २०८०/८१ को वार्षिक साधारण सभा सकेसम्म छिटो सम्पन्न गर्न सुझाव दिनुभयो ।

८. श्री बैजुनाथ रौनियार

- विशेष साधारण सभा मार्फत् यस अविमोच्य असञ्चिति अग्राधिकार सेयर नयाँ उपकरणको रूपमा जारी गर्न लागेकोमा समर्थन सहित सफलताको लागि शुभकामना व्यक्त गर्नुभयो ।
- आ.व. २०८०/८१ को वार्षिक साधारण सभा सकेसम्म छिटो सम्पन्न गरी सेयरधनीलाई लाभांश वितरण गर्नुपर्ने सुझाव दिनुभयो ।

९. श्री चन्द्र नारायण श्रेष्ठ

- अग्रणी बैंकको रूपमा रहेको नबिल बैंकले अविमोच्य असञ्चिति अग्राधिकार सेयर नयाँ उपकरणको रूपमा जारी गर्न लागेकोमा समर्थन सहित सफलताको लागि शुभकामना व्यक्त गर्नुभयो ।
- यसले समग्र पूँजी बजारमा के कस्तो प्रभाव पर्छ त्यसलाई पनि मनन गर्नुपर्ने सुझाव दिनुभयो ।
- बैंकको समग्र वित्तीय सूचक राम्रो रहेको, व्यवस्थापन खर्चको वृद्धि कम रहेको र यसलाई कायम राख्नुपर्ने सुझाव दिनुभयो ।
- आ.व. २०८०।८१ को वार्षिक साधारणसभा दशैंअघि नै सम्पन्न गरी सेयरधनीलाई लाभांश वितरण गर्नुपर्ने सुझाव दिनुभयो ।

१०. श्री कृष्ण अधिकारी (कश्यप)

- नबिल बैंकले अविमोच्य असञ्चिति अग्राधिकार सेयर नयाँ उपकरणको रूपमा जारी गर्न लागेकोमा समर्थन सहित विशेष साधारणसभाको सफलताको लागि शुभकामना व्यक्त गर्नुभयो ।

११. श्री नरसिंह लाल चखूं (लिखित मन्तव्य)

- नबिल बैंकले बैंकको प्रगति संवर्द्धन, प्रवर्द्धन तथा लगानीकर्ताको हित एवं प्रतिफलको लागि गर्दै आएका नियमित कार्य, नीति, रणनीति सराहनीय र प्रशंसनीय रहेको र

यसका लागि बैंकको सञ्चालक समिति, व्यवस्थापन एवं मानव संशाधन विभागलाई उहाँहरूको कार्यकौशल, क्षमताको प्रशंसा गर्दै आभार प्रकट गर्नुभयो ।

- ८% को अविमोच्य, असञ्चिति, अग्राधिकार सेयर जारी गर्दा बैंकको पूँजी २८ अर्बबाट ३३ अर्बमा वृद्धि भई क्षमता अभिवृद्धि हुने भएकाले उक्त प्रस्तावलाई समर्थन गर्दै आफ्नो स्वीकृति व्यक्त गर्नुभयो र बैंकको प्रगतिको कामना गर्नुभयो ।

**११. साधारण सभामा सेयरधनी महानुभावहरूले प्रकट गर्नुभएको सुझाव, जिज्ञासा एवं प्रश्नहरूको अध्यक्षले दिनुभएको जवाफ :**

सेयरधनी महानुभावहरूले प्रकट गर्नुभएका महत्वपूर्ण सुझाव, जिज्ञासा एवं प्रश्नहरूको संक्षिप्त जवाफ दिँदै सञ्चालक समितिका अध्यक्ष श्री उपेन्द्र प्रसाद पौडेलले सम्पूर्ण सेयरधनीहरूलाई धन्यवाद दिनुभयो र आजको यस विशेष साधारण सभामा उपस्थित तथा जुम मिटिङका माध्यमबाट सहभागी सेयरधनी महानुभावहरूबाट प्राप्त भएका सम्पूर्ण सुझाव, जिज्ञासा र प्रश्नहरू बैंकका लागि आगामी दिनमा मार्गदर्शनका रूपमा रहने जानकारी गराउँदै प्राप्त सुझावहरूलाई यथाशक्य सम्भव भएसम्म कार्यान्वयन गर्दै आफ्ना कमीकमजोरीहरूलाई सुधार गर्दै अगाडि बढ्न बैंकको सञ्चालक समिति तथा व्यवस्थापन प्रतिबद्ध रहेको जानकारी समेत सभासमक्ष व्यक्त गर्नुभयो । सभाध्यक्षले बैंकको कर्जा तथा व्यवसाय विस्तार गरी सेयरधनी महानुभावहरूलाई बढी भन्दा बढी प्रतिफल दिन सकियोस् भन्ने ध्येयका साथ आजको विशेष साधारणसभा मार्फत् विशेष प्रस्ताव पारित गरी ८% अविमोच्य, असञ्चिति, अग्राधिकार सेयर जारी गर्न लागिएको जानकारी गराउनुभयो । साथै, यसबाट राम्रो प्रतिफल प्राप्त भई सेयरधनी लगायत सरोकारवाला सबै पक्ष लाभान्वित हुने विश्वास व्यक्त गर्नुभयो । भविष्यमा पनि बैंकको पूँजी पर्याप्त नभएका खण्डमा बैंकले यस प्रकारका नयाँ उपकरणहरू जारी गर्दै जानेछ भन्ने जानकारी गराउनुभयो । साथै, धेरै सेयरधनीले अपेक्षा गरेझैं यस वर्ष यथाशक्य छिटो साधारणसभा सम्पन्न गर्न बैंक तथा सञ्चालक समिति प्रयासरत रहेको जानकारी समेत गराउनुभयो ।

**१२. सभाको निर्णय :**

**(क) विशेष प्रस्ताव तर्फ :**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम देहायका व्यवस्था तथा शर्तहरू सहित प्रति सेयर रु. १०० का दरले रु. ५ अर्ब रूपैयाँ बराबरको **नबिल**

**८% अविमोच्य असञ्चिति अग्राधिकार सेयर** सम्बन्धित नियमनकारी निकायको स्विकृति पश्चात् जारी गर्ने:

| विवरण | व्यवस्था तथा शर्तहरु |
|---|---|
| उपकरणको नाम | नबिल ८% अविमोच्य असञ्चिति अग्राधिकार सेयर |
| उपकरणको प्रकृति | अविमोच्य असञ्चिति अग्राधिकार सेयर |
| अविमोच्य असञ्चिति अग्राधिकार सेयर जारी गर्ने संख्या | ५०,०००,००० |
| प्रति सेयर अकिंत मुल्य र जारी गर्ने मुल्य | रु १०० |
| अवधि | अविमोच्य (Perpetual) |
| पुट अप्सन (लगानिकर्ताले लगानी फिर्ता माग गर्ने) वा कल अप्सन (बैंकले लगानिकर्ताको लगानी फिर्ता गर्न सक्ने) उपलब्ध छ वा छैन ? | अविमोच्य प्रकृतिको अग्राधिकार सेयर जारी गर्ने हुनाले यसमा पुट अप्सन (लगानिकर्ताले लगानी फिर्ता माग गर्ने) उपलब्ध छैन । तर बैंकले अग्राधिकार सेयर जारी गरेका मितिले १० वर्षपछि नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम पूर्व स्विकृति लिई कल अप्सन (बैंकले लगानिकर्ताको लगानी फिर्ता गर्न सक्ने) प्रयोग गर्न सक्नेछ । |
| लक्षित लगानीकर्ता | संस्थागत लगानीकर्ता जस्तै इन्सुरेन्स कम्पनी तथा विदेशी लगानीकर्ता आदिले व्यक्तिगत तबरबाट लगानी गर्न सक्ने । |
| लाभांशको दर/लाभांश भुक्तानीको प्रक्रिया | क) ८% वार्षिक नगद लाभांश (सम्बन्धित आर्थिक वर्षमा वितरणयोग्य मुनाफा उपलब्ध भएको खण्डमा मात्र)<br>ख) बुँदा क) बमोजिमको वितरण योग्य मुनाफा सम्पूर्ण नाफा नोक्सान हिसाबको नियामकीय बाँडफाँड तथा पुरक पूँजीमा गणना हुने |

| विवरण | व्यवस्था तथा शर्तहरु |
|---|---|
| | उपकरणको लागि आवश्यक कोषको बाँडफाँडपछिको बाँकी रकम हुनेछ ।<br>ग) अविमोच्य असञ्चिति अग्राधिकार सेयरको लाभांश बैकको सञ्चित मुनाफा वा अन्य कुनै कोषबाट वितरण हुने छैन ।<br>घ) यदि बुँदा क) बमोजिमको वितरणयोग्य मुनाफा अविमोच्य असञ्चिति अग्राधिकार सेयरको लाभांश रकम भन्दा कम भएमा उपलब्ध वितरणयोग्य मुनाफा रकम सम्म समानुपातिक रूपमा वितरण गरिने छ ।<br>ङ) सेयरधनी दर्ता किताब बन्द हुने समय : वार्षिक साधारण सभा भन्दा अगावै साधारण सेयरधनीको जस्तै अग्राधिकार सेयरधनी दर्ता किताब बन्द हुने (सेयरधनी दर्ता किताव बन्द हुने दिन सम्म अद्यावधिक भई कायम रहेका अग्राधिकार सेयरधनी नगद लाभांशको लागि योग्य हुने) ।<br>च) भुक्तानीको समय : वार्षिक रूपमा साधारण सभाले स्विकृत गरे पश्चात् ।<br>छ) अविमोच्य असञ्चिति अग्राधिकार सेयर जारी भएको पहिलो वर्षमा सेयर बाँडफाँड भएको मितिदेखि उक्त आर्थिक वर्षमा बाँकी रहेको अवधिको अनुपातको आधारमा नगद लाभांश वितरण हुने ।<br>ज) यदि बैंकले अविमोच्य असञ्चिति अग्राधिकार सेयरको जारी गरेको १० वर्षपछि नेपाल राष्ट्र बैंकको पुर्व स्विकृति लिई कल अप्सन (बैंकले लगानिकर्ताको लगानी फिर्ता गर्न सक्ने) प्रयोग गरेमा उक्त आर्थिक वर्षको धारण गरेको |

| विवरण | व्यवस्था तथा शर्तहरु |
|---|---|
| | दिनसम्मको समानुपातिक रूपमा लाभांश रकम सहित अग्राधिकार सेयरको भुक्तानी गरिने छ । |
| अन्तरिम लाभांश | लागू नहुने । |
| दामासाही वा खारेजी अवस्थामा भुक्तानीमा अग्राधिकार | बैंकको दामासाही वा खारेजी अवस्थामा अविमोच्य असञ्चिति अग्राधिकार सेयरको भुक्तानिमा दाबी साधारण सेयर भन्दा अगाडि र अन्य पुरक पूंजीमा गणना हुने उपकरण र साहुहरु भन्दा पछाडि हुने छ । |
| परिणत | परिणत नहुने (तर तोकिएको ट्रिगर बिन्दुमा पुगेको अवस्थामा नोक्सानी प्रशोचन गर्ने प्रयोजनको लागि साधारण सेयरमा परिणत हुन सक्ने) । |
| यदि साधारण सेयर प्राथमिक पूंजी, कुल जोखिम भारीत सम्पतिको ५.१२५ प्रतिशत भन्दा कम भएमा (ट्रिगर बिन्दुमा पुगेको अवस्था) नोक्सानी प्रशोचन गर्ने प्रयोजनको लागि साधारण सेयरमा परिणत हुन सक्ने । | १. संस्थापक समुहको साधारण सेयरधनीमा परीणत हुने ।<br>२. परिवर्तित अनुपात : परिणत हुने समयको बैंकको संस्थापक समुहको साधारण सेयरको प्रचलित बजार मुल्य र अग्राधिकार सेयरको अकिंत मुल्यको अनुपातमा हुने । (जस्तै परिणत हुने समयमा बैंकको संस्थापक समुहको साधारण सेयरको प्रति सेयर बजार मुल्य रू ४०० रहेछ भने परिवर्तित अनुपात १ अग्राधिकार सेयर बराबर ०.२५ संस्थापक समुहको साधारण सेयर हुने) ।<br>३. यस्तो परिणत नेपाल राष्ट्र बैंकको पूर्व स्विकृति पश्चात् मात्र हुने । |
| मताधिकार | मताधिकार नहुने |
| असञ्चिति/सञ्चिति | असञ्चिति: यदि कुनै वर्षमा बैंकको वितरणयोग्य मुनाफा पर्याप्त नभएको कारणले अग्राधिकार सेयरको नगद लाभांश वितरण नगरेमा वा कम |

| विवरण | व्यवस्था तथा शर्तहरु |
|---|---|
| | वितरण गरेमा र पछिल्ला आर्थिक वर्षहरुमा वितरणयोग्य मुनाफा भएमा वा आवश्यक नियामकीय पूँजी अनुपात कायम भएमा पनि अपुग रकम वितरण/भुक्तानी नहुने । |
| सूचीकरण | अविमोच्य असञ्चिति अग्राधिकार सेयर सम्बन्धित नियामकीय निकायको स्विकृति पश्चात् स्टक एक्चेन्जमा सूचीकृत हुनेछ । अविमोच्य असञ्चिति अग्राधिकार सेयरको कारोबार संस्थागत लगानिकर्तामा मात्र सिमित हुनेछ । |

- सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम माथि उल्लिखित व्यवस्था तथा शर्तहरू सहित प्रति सेयर रु. १०० का दरले रु. ५ अर्ब रूपैयाँ बराबरको **नबिल ८% अविमोच्य असञ्चिति अग्राधिकार सेयर** सम्बन्धित नियमनकारी निकायको स्विकृति पश्चात् जारी गर्न अध्यक्षबाट स्वीकृतिका लागि सभा समक्ष प्रस्ताव राखिएकोमा सभाले सर्वसम्मतिबाट उक्त प्रस्ताव पारित गऱ्यो ।

२. **बैंकको अधिकृत पूँजी रु.२८,००,००,००,०००/- (अक्षरेपी रु. अठ्ठाईस अर्ब मात्र) रहेकोमा अग्राधिकार सेयर जारी गरे पश्चात् अधिकृत पूँजी रु. ३३,००,००,००,०००/- (अक्षरेपी तेत्तीस अर्ब रुपैयाँ मात्र) पुऱ्याउने ।**

- बैंकको अधिकृत पूँजी रु.२८,००,००,००,०००/(अक्षरेपी रु. अठ्ठाईस अर्ब मात्र) रहेकोमा अग्राधिकार सेयर जारी गरे पश्चात् अधिकृत पूँजी रु. ३३,००,००,००,०००/(अक्षरेपी तेत्तीस अर्ब रुपैयाँ मात्र) पुऱ्याउने प्रस्ताव स्वीकृतिको निमित्त अध्यक्षबाट सभा समक्ष पेश गरिएकोमा सभाले सर्वसम्मतिबाट प्रस्ताव स्वीकृत गऱ्यो ।

३. **बैंकको जारी पूँजी रु.२७,०५,६९,९६,७२९/२६ (अक्षरेपी सत्ताईस अर्ब पाँच करोड उनन्सत्तरी लाख छयान्नब्बे हजार सात सय उनन्तीस रूपैयाँ छब्बिस पैसा मात्र) रहेकोमा अग्राधिकार सेयर जारी गरे पश्चात् जारी पूँजी रु.**

**३२,०५,६९,९६,७२९/२६ (अक्षरेपी बत्तीस अर्ब पाँच करोड उनन्सत्तरी लाख छयान्नब्बे हजार सात सय उनन्तीस रूपैयाँ छब्बिस पैसा मात्र) पुऱ्याउने ।**

- बैंकको जारी पूँजी रु.२७,०५,६९,९६,७२९/२६ (अक्षरेपी सत्ताईस अर्ब पाँच करोड उनन्सत्तरी लाख छयान्नब्बे हजार सात सय उनन्तीस रूपैयाँ छब्बिस पैसा मात्र) रहेकोमा अग्राधिकार सेयर जारी गरे पश्चात् जारी पूँजी रु. ३२,०५,६९,९६,७२९/२६ (अक्षरेपी बत्तीस अर्ब पाँच करोड उनन्सत्तरी लाख छयान्नब्बे हजार सात सय उनन्तीस रूपैयाँ छब्बिस पैसा मात्र) पुऱ्याउने प्रस्ताव स्वीकृतिको निमित्त अध्यक्षबाट सभा समक्ष पेश गरिएकोमा सभाले सर्वसम्मतिबाट प्रस्ताव स्वीकृत गऱ्यो ।

४. **बैंकको चुक्ता पूँजी रु.२७,०५,६९,९६,७२९/२६ (अक्षरेपी सत्ताईस अर्ब पाँच करोड उनन्सत्तरी लाख छयान्नब्बे हजार सात सय उनन्तीस रूपैयाँ छब्बिस पैसा मात्र) रहेकोमा अग्राधिकार सेयर जारी गरे पश्चात् चुक्ता पूँजी रु. ३२,०५,६९,९६,७२९/२६ (अक्षरेपी बत्तीस अर्ब पाँच करोड उनन्सत्तरी लाख छयान्नब्बे हजार सात सय उनन्तीस रूपैयाँ छब्बिस पैसा मात्र) पुऱ्याउने ।**

- बैंकको चुक्ता पूँजी रु.२७,०५,६९,९६,७२९/२६ (अक्षरेपी सत्ताईस अर्ब पाँच करोड उनन्सत्तरी लाख छयान्नब्बे हजार सात सय उनन्तीस रूपैयाँ छब्बिस पैसा मात्र) रहेकोमा अग्राधिकार सेयर जारी गरे पश्चात् चुक्ता पूँजी रु.३२,०५,६९,९६,७२९/२६ (अक्षरेपी बत्तीस अर्ब पाँच करोड उनन्सत्तरी लाख छयान्नब्बे हजार सात सय उनन्तीस रूपैयाँ छब्बिस पैसा मात्र) पुऱ्याउने प्रस्ताव स्वीकृतिको निमित्त अध्यक्षबाट विशेष सधारणसभा समक्ष पेश गरिएकोमा सभाले सर्वसम्मतिबाट प्रस्ताव स्वीकृत गऱ्यो ।

५. **अग्राधिकार सेयर जारी गर्ने प्रयोजनका लागि आवश्यक पर्ने प्रबन्धपत्रको दफा ४(२९), दफा ५ को (१), (२) र (३), दफा ६ को (१) र (२) तथा नियमावलीको नियम ५ र २४ मा रहेको विद्यमान व्यवस्थामा आवश्यक संशोधन/परिमार्जन गर्ने ।**

बैंकको प्रबन्धपत्रको दफा ४(२९), दफा ५ को (१), (२) र (३), दफा ६ को (१) र (२) तथा नियमावलीको नियम ५ र २४ मा रहेको विद्यमान

व्यवस्थामा आवश्यक संशोधन/परिमार्जन स्वीकृत गर्नका लागि अध्यक्षबाट सभा समक्ष विशेष प्रस्ताव पेश गरिएकोमा सभाले उल्लिखित सम्पूर्ण विशेष प्रस्तावहरू तपसील बमोजिम सर्वसम्मतिबाट पारित गऱ्यो:

**प्रबन्धपत्रमा संशोधन :**

- प्रबन्धपत्रको दफा ४(२९) लाई देहाय बमोजिम संशोधन (अग्राधिकार शेयर शब्द थप) गर्ने :

  नेपाल राष्ट्र बैंकले तोकिदिएको सिमाभित्र रही नयाँ निष्काशन (फर्दर पब्लिक ईस्यू), शेयर, अग्राधिकार शेयर, डिबेन्चर, बण्ड, ऋणपत्र, बचतपत्र वा अन्य वित्तीय उपकरणको माध्यमबाट पूँजी परिचालन गर्ने ।

- प्रबन्धपत्रको दफा ५ को (१), (२) र (३) लाई देहाय बमोजिम संशोधन गर्ने :

  ५(१) बैंकको अधिकृत पूँजी रु.३३,००,००,००,०००/-(अक्षरेपी तेत्तीस अर्ब रुपैयाँ मात्र) हुनेछ । सो पूँजीलाई रु.१००/दरका २८,००,००,००० (अठ्ठाईस करोड) कित्ता साधारण सेयरमा र रु.१००/दरका ५,००,००,०००(पाँच करोड) कित्ता अग्राधिकार शेयरमा विभाजित गरिएको छ ।

  ५(२) बैंकको जारी पूँजी रु.३२,०५,६९,९६,७२९/२६(अक्षरेपी बत्तिस अर्ब पाँच करोड उनन्सत्तरी लाख छयान्नब्बे हजार सात सय उनन्तीस रूपैयाँ छब्बिस पैसा मात्र) हुनेछ, सो पूँजीलाई प्रति सेयर रु.१००/दरका २७,०५,६९,९६७/२९ कित्ता साधारण सेयरमा र रु.१००/दरका ५,००,००,०००(पाँच करोड) कित्ता अग्राधिकार सेयरमा विभाजन गरिएको छ ।

  ५(३) बैंकको चुक्ता पूँजी रु.३२,०५,६९,९६,७२९/२६(अक्षरेपी बत्तिस अर्ब पाँच करोड उनन्सत्तरी लाख छयान्नब्बे हजार सात सय उनन्तीस रूपैयाँ छब्बिस पैसा मात्र) हुनेछ, सो पूँजीलाई प्रति सेयर रु.१००/दरका २७,०५,६९,९६७.२९ कित्ता साधारण सेयरमा र रु.१००/दरका ५,००,००,०००(पाँच करोड) कित्ता अग्राधिकार सेयरमा विभाजन गरिएको छ ।

- प्रबन्धपत्रको दफा ६ को (१) र (२)लाई देहाय बमोजिम संशोधन गर्ने :

  ६(१) बैंकको साधारण तथा अग्राधिकार शेयरहरू रहने छन् ।

  ६(२) बैंकको जारी पूंजीको साधारण शेयरको समूहगत सेयर स्वामित्व ( मताधिकार प्राप्त) देहाय अनुसार हुनेछ :

  (क) संस्थापक शेयरधनीहरूको शेयर स्वामित्व ५८.४४(अन्ठाउन्न दशमलब चार चार) प्रतिशत हुनेछ ।

  (ख) सर्वसाधारण शेयरधनीहरूको शेयर स्वामित्व ४१.५६(एकचालिस दशमलब पाँच छ) प्रतिशत हुनेछ ।

**नियमावलीमा संशोधन :**

- नियमावलीको नियम ५ लाई देहाय बमोजिम संशोधन गर्ने :

  अग्राधिकार शेयर बाहेकको मताधिकार प्राप्त कूल साधारण शेयर संख्याको ५० (पचास) प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरु मध्ये ३ जना शेयरधनी स्वयं वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित नभई साधारण सभाको काम कारवाही हुने छैन । तर नियम ४ को उपनियम (५) मा उल्लेख भए बमोजिम पुन: बोलाईएको साधारण सभामा कूल शेयर संख्याको २५ प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी ३ जना शेयरधनीहरू स्वयं वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित भएमा सभा सञ्चालन गर्न बाधा पर्ने छैन ।

- नियमावलीको नियम २४ लाई देहाय बमोजिम संशोधन गर्ने :

  प्रचलित ऐन तथा कानूननको अधिनमा रही साधारण सभाबाट निर्णय गराई अग्राधिकार शेयर जारी गर्न सकिनेछ । यसरी अग्राधिकार शेयर जारी गर्दा सो सम्बन्धी तोकिएका व्यवस्था तथा शर्तहरू(जस्तै उपकरणको प्रकृति, अवधि, लगानी फिर्ता माग गर्ने/नगर्ने, लाभांशको दर तथा असञ्चिति/सञ्चिति, भुक्तानीमा अग्राधिकार, परिणत हुने/नहुने, मताधिकार लगायतका अन्य आवश्यक कुराहरू) साधारण सभाबाट स्विकृत गरी नियमनकारी निकायबाट स्वीकृति लिई विवरणपत्रमा उल्लेख गरी जारी गर्न सकिनेछ ।

६. माथि प्रस्ताव गरिए अनुसार प्रबन्धपत्र र नियमावलीमा संशोधन, अग्राधिकार सेयर जारी/दर्ता/सूचीकरण गर्ने लगायत सोसँग सम्बन्धित कार्यहरू स्वीकृतीका क्रममा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतका नियमनकारी निकायहरूबाट कुनै विषय, शर्तहरु लगायतमा संशोधन/फेरबदल गर्न निर्देशन प्राप्त भएमा आवश्यकता अनुसार थपघट, परिमार्जन, संशोधन, भाषागत लगायतका अन्य सुधार समेत गर्नका लागि सञ्चालक समिति(वा सञ्चालक समितिले तोकेको व्यक्ति)लाई अख्तियारी दिने ।

⮝ उपर्युक्त प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

(ख) विविध :

यस अन्तर्गत छलफलको कुनै विषय नभएको ।

१४. धन्यवाद ज्ञापन :

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि अध्यक्षले सेयरधनी महानुभावहरू सकारात्मक तथा सक्रिय रूपले सहभागी हुनुभई बैंकको प्रगतिका लागि आवश्यक मार्गदर्शन समेत प्रदान गरिदिनुभएकोमा तथा बैंकको विशेष साधारण सभा सफलतापूर्वक सञ्चालन एवं सम्पन्न गर्न आफ्नो अमूल्य समय दिई सभामा उपस्थित हुनुभएकोमा सम्पूर्ण सेयरधनी महानुभावहरू, पर्यवेक्षक, आमन्त्रित व्यक्तित्वहरू, नियमनकारी निकायका प्रतिनिधि लगायत यस सभालाई सफलतापूर्वक सञ्चालन तथा सम्पन्न गर्न योगदान गर्नुहुने सम्बन्धित सबैलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

१५. सभा विसर्जन

तत्पश्चात् अध्यक्षले विशेष साधारणसभा सफलतापूर्वक सम्पन्न भएकोमा सबैलाई धन्यवाद तथा बधाई ज्ञापन गर्दै दिउँसो १२:३५ बजे सभा विसर्जन गर्नुभयो ।

| | |
|---|---|
| ---------------- | ---------------- |
| विश्वप्रकाश पौडेल | उपेन्द्र प्रसाद पौडेल |
| (कम्पनी सचिव) | (अध्यक्ष) |